नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ४५ अंक १ असोज २०७७ सेप्टेम्बर-अक्टोबर २०२०

# गभर्नर अधिकारीद्वारा प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया



नेपाल राष्ट्र बैंकले २०७७ भदौ २३ गते बैंकिङ तथा वित्तीय क्षेत्रका समसामयिक विषयमा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा 'क', 'ख' र 'ग' वर्गका इजाजपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागितामा वेबिनारमार्फत उक्त कार्यक्रम आयोजना गरिएको हो ।

उक्त वेबिनारलाई सम्बोधन गर्दै गभर्नर महा प्रसाद अधिकारीले कोभिड-१९ को संक्रमणको अवधिमा समेत मुलुकको समग्र आर्थिक तथा वित्तीय परिसूचक सकारात्मक रहेको धारणा राख्नुभयो । उहाँले निर्यातको स्थिरता, आयातमा भएको व्यवस्थापन, चालू खाता घाटामा उल्लेख्य सुधार, शोधनान्तर स्थिति रु.२८२ अर्बले बचतमा रहेको र विदेशी विनिमय सञ्चिति रु.१४ खर्बभन्दा माथि रहनुले मुलुकको आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अवस्था रहेको विचार व्यक्त गर्नुभयो ।

गत भदौ २१ सम्ममा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा कुल रु.३,९३८ अर्ब निक्षेप र ती संस्थाबाट रु.३,२५५ अर्ब कर्जा प्रवाह भएको जानकारी उहाँले दिनुभयो । पछिल्लो समय कर्जा स्रोत परिचालन अनुपात ७२ प्रतिशत रहनुले लगानीका लागि पर्याप्त साधन उपलब्ध भएको र बैंकिङ क्षेत्रको पुँजी पर्याप्तता अनुपात १५ प्रतिशत र खराब कर्जा अनुपात १.८ प्रतिशत रहेका कारण वित्तीय क्षेत्र स्थायित्व कायम रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो ।

केही महिनादेखि करिब रु.दुई खर्बको हाराहारीमा रहेको तरलतालाई 'अधिक तरलता'को रूपमा नलिन बैंक तथा वित्तीय




संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थाहरू व्यावसायिक संस्था भएकाले ध्यान नाफामा केन्द्रित हुनु स्वाभाविक हो । तर, अहिले अधिक नाफातर्फ उन्मुख हुने अवस्था छैन । अहिले आफू पनि व्यवसायमा टिक्ने र अरुलाई पनि टिकाउने समय हो । त्यसैले बैंक तथा वित्तीय संस्थाहरूसँग रहेको अधिक तरलतालाई हामीले समस्याभन्दा पनि सहजताको रूपमा लिनुपर्छ ।" तरलता बढेको अवस्थाबाट स्वार्थी समूहले फाइदा लिई कर्जाको दुरुपयोग गर्नसक्ने संकेत गर्दै गभर्नर अधिकारीले तरलताबाट अत्तालिएर नाफातर्फ केन्द्रित नरहन बैंक तथा वित्तीय संस्थालाई सचेत गराउनुभयो । अधिक तरलतालाई 'सहजताको सूचक'का रूपमा लिनुपर्ने उहाँको धारणा थियो ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूबीच कर्जा खरिद बिक्रीको अस्वाभाविक र अस्वस्थ प्रतिस्पर्धा बढेको विषयमा उजुरी आएको उल्लेख गर्दै गभर्नर अधिकारीले वित्तीय प्रणालीलाई जोखिममा पार्ने त्यस्ता क्रियाकलाप नगर्न निर्देशनसमेत दिनुभयो । उहाँको कथन थियो, "अरुलाई खाने बाघले मलाई चाहिँ बचाउला भन्ने कसैले नसोचौं । वित्तीय प्रणालीलाई जोखिममा पार्ने क्रियाकलाप नियामक निकायका निम्ति क्षम्य हुन सक्दैन ।"

पुनरकर्जाको लागि आवेदन लिन बैंक तथा वित्तीय संस्थाले आनाकानी गरिरहेको गुनासो प्राप्त भएको उल्लेख गर्दै गभर्नर अधिकारीले राष्ट्र बैंकले जारी गरेका नीतिगत व्यवस्थाप्रति जिम्मेवार रहन प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभयो ।

> "कोभिड-१९ संक्रमणको अवधिमा समेत मुलुकको समग्र आर्थिक तथा वित्तीय परिसूचक सकारात्मक रही निर्यातको स्थिरता, आयातमा भएको व्यवस्थापन, चालू खाता घाटामा उल्लेख्य सुधार, शोधनान्तर स्थिति बचतमा रहेको र विदेशी विनिमय सञ्चिति रु.१४ खर्बभन्दा माथि रहनुले मुलुकको आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अवस्था छ ।"

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले स्वागत मन्तव्य राख्दै पछिल्लो समयमा बैंकहरूबीच कर्जा खोसाखोसको अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएका कारण निक्षेपकर्ताको हित प्रवर्द्धनमा चुनौती थपिएको बताउनुभयो ।

सो अवसरमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले बैंकिङ प्रणालीमा रु.२०० अर्ब अधिक तरलता रहेको उल्लेख गर्दै त्यसको प्रशोचनका निम्ति आवश्यक व्यवस्था गर्न राष्ट्र बैंकलाई अनुरोध गर्नुभयो । साथै, नेपाल सरकारले उठाउने सार्वजनिक ऋण वार्षिक क्यालेन्डरको आधारमा नभई आवश्यकताको आधारमा उठाउनुपर्ने सुझाव समेत उहाँले दिनुभयो ।

डेभलपमेन्ट बैंकर्स एसोसिएसन, नेपालका अध्यक्ष गोविन्दप्रसाद ढकाल र नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधरले कोभिड-१९ को महामारीबाट वित्तीय क्षेत्र पनि प्रभावित भएको उल्लेख गर्दै वित्तीय संस्थालाई बचाउन राष्ट्र बैंकले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठका साथै बैंकका विभिन्न विभागीय प्रमुखहरूको समेत सहभागिता रहेको थियो ।

# एकीकृत निर्देशनमा संशोधन/परिमार्जन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको निम्ति जारी गरेको एकीकृत निर्देशन, २०७६ मा संशोधन र परिमार्जन गरेको छ। बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ भदौ २३ गते एक परिपत्र जारी गर्दै संशोधित तथा परिमार्जित व्यवस्थालाई कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको हो।

पछिल्लो संशोधनअनुसार संस्थाको दुई प्रतिशत वा सोभन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीले राष्ट्र बैंकको स्वीकृति लिएर मात्र आफ्नो नामको सेयर अन्य बैंकमा धितोबन्धक राख्न वा बिक्री गर्न सक्नेछन्। यसरी स्वीकृति माग्दा सेयर धितो राखिने संस्थाले निजको सेयर स्वामित्व तथा धितो रहे/नरहेको विवरणसमेत पेस गरी स्वीकृति माग गर्नुपर्ने व्यवस्था गरिएको छ। इजाजतपत्रप्राप्त संस्थाले हक कायम गर्न नसकिने किसिमको विदेशमा रहेको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न नपाइने व्यवस्था गरिएको छ।

संशोधित निर्देशन अनुसार कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायलाई सुचारु गर्नका लागि ऋणीको आवश्यकता र उद्योग/व्यवसायको सम्भाव्यताको विश्लेषण गरी २०७६ चैत मसान्तमा कायम कर्जाको सीमामा एक पटकको लागि चालू पुँजी कर्जा उपयोग गरेका ऋणीको हकमा चालू पुँजी कर्जाको अधिकतम २० प्रतिशतसम्म र चालु पुँजी कर्जा उपयोग नगरेका ऋणीको हकमा आवधिक कर्जाको अधिकतम १० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सकिनेछ।

पछिल्लो संशोधनमा बैंक तथा वित्तीय संस्थाका सञ्चालकले पदीय मर्यादा कायम हुने गरी शिष्ट बोली, व्यवहार, कार्यशैली र आचरण प्रस्तुत गर्नुपर्ने व्यवस्था राखिएको छ। संस्थाको कार्य वातावरण बिग्रने, घृणा, द्वेष उत्पन्न हुने कुनै किसिमको गतिविधि गर्नु/गराउन नपाइने व्यवस्थासमेत थपिएको छ। संस्थाले उत्कृष्ट व्यक्ति छनोट प्रक्रियाबाट कर्मचारी भर्ना गर्नुपर्ने र त्यसमा निष्पक्षता एवम् पारदर्शिता कायम हुनेगरी अलग्गै कार्यविधि तर्जुमा गरेर मात्र भर्ना गर्ने व्यवस्था मिलाउन समेत राष्ट्र बैंकले निर्देशन दिएको छ। संस्थाले कार्यकारी प्रमुखको नियुक्ति गरेमा, कार्यकारी प्रमुखले राजिनामा दिएमा, बर्खास्त भएमा वा अन्य कुनै कारणले पदमुक्त हुँदा र सञ्चालक समितिमा हेरफेर हुँदा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई तुरुन्त जानकारी दिनुपर्ने व्यवस्था राखिएको छ। बैंक तथा वित्तीय संस्थाको एउटा सञ्चालक एक कार्यकालभन्दा बढी लगातार एउटै समितिमा संयोजक रहन नपाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

संशोधित व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम तथा लक्षित तालिमहरू सञ्चालन गरी महिला तथा सामाजिक रूपले पिछडिएका वर्गलाई वित्तीय सेवा सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिवृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको पाँच प्रतिशत रकम खर्च गर्नुपर्नेछ।

कुनै एक संगठित संस्थाको सेयर, डिबेञ्चर वा कुनै सामूहिक लगानी कोषमा लगानी गर्दा प्राथमिक पुँजीको १० प्रतिशतमा नबढ्ने गरी र सबै संगठित संस्थाको सेयर, डिबेञ्चर वा सामूहिक लगानी कोषमा बढीमा आफ्नो प्राथमिक पुँजीको ३० प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सकिने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यसै गरी, संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको १० प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ। लगानी गर्दाको अवस्थामा तोकिएको सीमाभन्दा बढी लगानी गरेको भएमा यसरी बढी लगानी भएको रकम वरावर पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गरिनेछ।

संशोधित व्यवस्थाअनुसार इजाजतपत्र प्राप्त संस्थाको सेयर धारण गर्ने फर्म/कम्पनी/संस्थाको अन्तिम हिताधिकारी प्राकृतिक व्यक्ति पहिचान हुने विवरण सम्बन्धित मुलुकको आधिकारिक निकायबाट प्रमाणित गराई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र बैंक तथा वित्तीय संस्था नियमन विभागमा अभिलेखीकरण गर्नुपर्नेछ। तर, यसरी सेयर धारण गर्ने संस्था विदेशी इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्था भएमा सोही संस्थाको विवरण अभिलेखीकरण गर्नुपर्नेछ। इजाजतपत्रप्राप्त संस्थाले धितोको रूपमा ग्राह्य हुने सम्पत्ति मूल्याङ्कन गराउँदा धितो मूल्याङ्कनकर्ताले कुनै स्वार्थ नबाझिने गरी वा पूर्वाग्रह नराखी स्वतन्त्र रूपमा, अन्तराष्ट्रिय मान्यता र असल अभ्यासहरू समेतका आधारमा धितोको मूल्याङ्कन गरेको यकिन गर्नुपर्ने राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ।

माग तथा अल्प सूचनामा आधारित निक्षेपमा बचत निक्षेपमा प्रदान गरिने न्यूनतम ब्याजदरको पचास प्रतिशतभन्दा बढी ब्याज प्रदान गर्न नपाइने व्यवस्था गरिएको छ। निक्षेपमा दिने ब्याजदर मासिक रूपमा मात्र परिवर्तन गर्न सकिनेछ। आगामी महिनाको लागि निक्षेपमा लागू हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना सुरु हुनुपूर्व प्रकाशित गरिसक्नुपर्नेछ।

एक वर्षभन्दा बढी भुक्तानी अवधि भएका व्यक्तिगत आवधिक कर्जाको ब्याजदर परिवर्तन नहुने गरी स्थिर ब्याजदर कायम गर्नुपर्नेछ। यस प्रयोजनको लागि, इजाजतपत्रप्राप्त संस्थाले एक वर्षभन्दा बढी भुक्तानी अवधि भएका प्रत्येक व्यक्तिगत आवधिक कर्जाको ब्याजदर भुक्तानी अवधिभर परिवर्तन नहुने गरी स्थिर ब्याजदर निर्धारण गर्नुपर्ने संशोधित व्यवस्थामा उल्लेख छ। तथापि, ग्राहक स्वयम्ले इजाजतपत्रप्राप्त संस्थाको आधारदर परिवर्तन हुँदा परिवर्तन हुने परिवर्तनीय ब्याजदरमा कर्जा लिन चाहेमा ग्राहकको अनुरोधमा परिवर्तनीय ब्याजदर कायम गर्न यो व्यवस्थाले बाधा नपर्ने राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ। यो व्यवस्था व्यक्तिको नाममा प्रवाह भएका/हुने घर कर्जा, गाडी कर्जा लगायतका मासिक

वा कुनै पनि आवधिक किस्तामा भुक्तानी हुने गरी प्रवाह गरिएका/हुने एक वर्षभन्दा बढी भुक्तानी अवधि भएका कर्जामा लागू हुनेछ । यो निर्देशन जारी हुनुपूर्व मासिक/त्रयमासिक/आवधिक किस्तामा भुक्तानी हुने गरी व्यक्तिको नाममा प्रवाह भएका घर कर्जा, गाडी कर्जा र हायरपर्चेज कर्जा लगायतका आवधिक कर्जाको हकमा ग्राहकको अनुरोधमा स्थिर ब्याजदर कायम हुने गरी कर्जाका सर्तहरू परिवर्तन गर्नुपर्ने जनाइएको छ। यस व्यवस्थाको अनुपालनाको लागि कर्जाका सर्त वा भुक्तानी तालिका वा किस्ता रकममा भएको परिवर्तनलाई पुनर्तालिकीकरण वा पुनर्संरचना मानिने छैन । कर्जा अवधिभर परिवर्तन नहुने गरी नयाँ कर्जाको लागि तोकिने स्थिर ब्याजदर अर्धवार्षिक रूपमा मात्र निर्धारण तथा प्रकाशन गर्नुपर्नेछ। कर्जा र निक्षेपको ब्याजदर, आधार दर र ब्याजदर अन्तरको विगत तीन वर्षको विवरण वेबसाइटमा प्रकाशन गर्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ ।

ग्राहक पहिचानसम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहक पहिचान र सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिने संशोधित व्यवस्थामा उल्लेख छ । यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात र विवरणको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रूपमा सम्पुष्टि गरिने विधिसमेत तय गरेको हुनुपर्नेछ । विद्युतीय माध्यमबाट गरिने कारोबारमा हुन सक्ने जोखिम एवम् दुरुपयोगबाट सुरक्षित रहन बैंक तथा वित्तीय संस्थाले पर्याप्त उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाले सेफ डिपोजिट भल्ट/लकरको सेवा उपलब्ध गराउँदा ग्राहकसँग लिएको धरौटीवापतको रकममा साधारण बचत निक्षेपमा प्रदान गरिने ब्याजदर प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइएको छ। विद्युतीय माध्यमबाट बैंकिङ क्षेत्रमा हुन सक्ने साइबर अपराध न्यूनीकरण गर्दै साइबर सुरक्षालाई प्रवर्द्धन गर्न इजाजतपत्रप्राप्त संस्थामा नयाँ प्रणालीको प्रयोग गरिएको अवस्थामा प्रणाली प्रयोगमा आएको एक वर्षभित्र र तत्पश्चात प्रत्येक दुई वर्षमा अनिवार्य रूपमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गराउन राष्ट्र बैंकले निर्देशन दिएको छ ।

# गभर्नर अधिकारीद्वारा वेबिनारमा सहभागिता

गभर्नर महा प्रसाद अधिकारी भारतस्थित पीएचडी चेम्बर अफ कमर्श इण्डिया (पीएचडी सीसीआई) द्वारा २०७७ भदौ १३ गते आयोजित साना तथा मझौला उद्यम/व्यवसायसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभयो ।

नेपाल उद्योग परिसंघ र नेपाल एसबीआई बैंकको सहकार्यमा पीएचडी सीसीआईले वेबिनारमार्फत उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले विश्वमा लघु, साना र मझौला उद्यमको अवस्था र चुनौतीबारे चर्चा गर्दै नेपालमा विद्यमान् साना तथा मझौला उद्यमको नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । विश्व बैंकको आँकडालाई उधृत गर्दै गभर्नर अधिकारीले विश्वको कुल गार्हस्थ्य उत्पादनमा ९० प्रतिशत र कुल रोजगारीको ५० प्रतिशत हिस्सा साना तथा मझौला व्यवसायले ओगटेको जानकारीसमेत दिनुभयो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा साना तथा मझौला व्यवसायले २२ प्रतिशत योगदान दिएको उहाँको भनाइ थियो ।

वेबिनारमा गभर्नर अधिकारीले नेपालमा साना तथा मझौला उद्यमको प्रवर्द्धनमा पन्ध्रौं योजना, चालू आर्थिक वर्षको बजेट र मौद्रिक नीतिमा उल्लेखित नीतिगत व्यवस्थाबारे जानकारी दिँदै नेपालमा यसको विकासमा देखिएका चुनौतीबारे आफ्नो धारणा प्रस्तुत गर्नुभयो ।

सो अवसरमा पीएचडीसीसीआईका अध्यक्ष डा. डी.के. अग्रवाल, उपाध्यक्ष सञ्जय अग्रवाल, पूर्व अध्यक्ष अनिल खैतान, नेपाल एसबीआई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अंकुर भट्टनागर, लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट, ब्याङ्किङ एण्ड फाइनान्सियल इन्स्टिच्युट अफ नेपालका प्रबन्ध निर्देशक डा. विनोद आत्रेयलगायतले साना तथा मझौला उद्यम/व्यवसायको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

नेपालका लागि पूर्व भारतीय राजदूत केभी राजन र नेपाल उद्योग परिसंघका उपाध्यक्ष निर्वाण चौधरीले क्रमशः कार्यक्रमको अध्यक्षता र सह-अध्यक्षता गर्नुभएको थियो ।


# सिद्धार्थनगर कार्यालयमा ज्ञान आदानप्रदान

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७७ भदौ २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका का.मु.सहायक निर्देशक देवराज ज्ञवालीले 'बैंकिङ जनरल फाँटबाट सम्पादन गरिने सरकारी लेखा तथा अन्य कार्यहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा ज्ञवालीले केन्द्रीय तथा प्रदेश सरकारको खाता व्यवस्थापन, कारोबार र इलेक्ट्रोनिक चेक क्लियरिङ तथा हिसाबमिलानको प्रक्रियाबारे प्रकाश पार्नुभएको थियो ।

कार्यालयका सहायक मनिष श्रीवास्तवले नेपाल राष्ट्र बैंकको सेवा प्रवाहका सैद्धान्तिक पक्षको विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा कार्यालयका निर्देशक सुदीप फुयालले सम्बन्धित विषयमा सहभागीले उठाएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

# सुपरिवेक्षकीय सूचना प्रणालीसम्बन्धी तालिम सम्पन्न




बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ भदौ महिनामा सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। केन्द्रले भर्चुअल माध्यमबाट उक्त तालिम सञ्चालन गरेको हो।

बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षणमा सूचना प्रणालीको विकास तथा स्थायित्वको लागि अत्यन्त महत्वपूर्ण मानिएको यस प्रणालीको आवश्यकता, महत्व, प्रयोग र सञ्चालनका सम्बन्धमा जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ। उक्त तालिममा नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, निर्देशक, सुपरिवेक्षण कार्यमा संलग्न कर्मचारी सँगै अन्य विभागका कर्मचारीको समेत सहभागिता थियो।

भदौ २४ देखि २६ गतेसम्म सञ्चालित तालिम कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका ४४ जना कर्मचारीको सहभागिता थियो। यस तालिममा एसआईएससँग सम्बन्धित विभिन्न मोड्यूलको प्रयोग तथा सञ्चालनका सम्बन्धमा नौ वटा सेसनमार्फत तालिम सञ्चालन गरिएको थियो।

बैंकका कार्यकारी निर्देशक तथा निर्देशकहरूलाई सुपरिवेक्षकीय सूचना प्रणालीबारे जानकारी दिने उद्देश्यले २०७७ भदौ २७ गते एक दिने तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। यस तालिम कार्यक्रममा कार्यकारी निर्देशक तथा निर्देशकहरूसहित जम्मा ४४ जनाको सहभागिता थियो।

बैंक तथा वित्तीय संस्था नियमन विभाग र प्रदेशस्थित कार्यालयका कर्मचारीलाई प्रणाली प्रयोगसम्बन्धी अभिमुखीकरण गराउन २०७७ भदौ २८ र २९ गते दुई दिने तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त तालिममा ३५ जना कर्मचारीको सहभागिता थियो।

हालसम्म 'क' वर्गका वाणिज्य बैंक तथा पूर्वाधार विकास बैंकमा एसआईएसलाई पाइलट टेस्टिङको रूपमा लागू गरिएको छ। यो प्रणालीलाई कार्यान्वयनमा लैजानका लागि बैंकका सम्बन्धित विभागका थप कर्मचारीहरूसँगै 'ख', 'ग' र 'घ' वर्गका विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाको रिपोर्टिङ गर्ने कर्मचारीहरू तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिलाई समेत यस सम्बन्धमा तालिम प्रदान गर्ने योजना रहेको जनाइएको छ।

उक्त तालिममा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक सत्येन्द्र सुवेदी, यज्ञ श्रेष्ठ, सहायक निर्देशक स्नेहा अग्रवाल, रविन भण्डारी र पुष्पचन्द्र खनालले स्रोत व्यक्तिको रूपमा सेसन सञ्चालन गर्नुभएको थियो।

उक्त कार्यक्रमको आवश्यकता, औचित्य तथा सोको प्रयोजनमाथि प्रकाश पार्दै बैंकर्श प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले उपर्युक्त तालिम कार्यक्रमको उद्घाटन र समापन मन्तव्य प्रस्तुत गर्नुभएको थियो। यसै गरी, कार्यक्रमको पहिलो दिन बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले तालिमको महत्वमाथि प्रकाश पार्नुभएको थियो। केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिम कार्यक्रमहरू सञ्चालन गर्नुभएको थियो।

## सह–प्रवक्तामा पोखरेल



नेपाल राष्ट्र बैंकको सह-प्रवक्तामा गभर्नर कार्यालयका का.मु.निर्देशक नारायणप्रसाद पोखरेल तोकिनुभएको छ। गभर्नर महा प्रसाद अधिकारीले २०७७ साउन १२ देखि लागू हुनेगरी निर्देशक पोखरेललाई सह-प्रवक्ता तोक्नुभएको हो। का.मु.निर्देशक पोखरेल २०६४ सालमा सहायक निर्देशकको रूपमा बैंक सेवामा प्रवेश गर्नुभएको थियो।

# कोभिडको संक्रमणमा वित्तीय सेवा व्यवस्थापन

✍ नवीन तिमिल्सिना
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

अहिले समग्र विश्व नै कोरोना भाइरसका कारण लाग्ने कोभिड-१९ रोगले आक्रान्त छ । महामारीका वाबजुद पनि यतिखेर आफ्ना व्यापार/उद्यम सञ्चालन गर्नुपर्ने बाध्यात्मक स्थितिमा व्यावसायिक संस्थाहरू छन् । तिनले जनसम्पर्क विना नै व्यवसाय सञ्चालन गर्ने विभिन्न उपायहरू पहिल्याएका छन् ।

पछिल्ला दिनमा संक्रमण दर गहिरिँदै गएको सन्दर्भमा नेपालमा पनि बैंक तथा वित्तीय संस्थाले विभिन्न वैकल्पिक माध्यमबाट बैंकिङ सेवाहरू प्रदान गरिरहेका छन् । तथापि, ती संस्थामा सेवाग्राहीको भीडभाड अपेक्षित मात्रामा घटेको देखिँदैन । पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरू कोभिड संक्रमणको केन्द्र बन्ने हो कि ! भन्ने जोखिम देखिएको छ । सञ्चार माध्यमहरूमा उपलब्ध सूचनाअनुसार वाणिज्य बैंकका दुई हजारभन्दा बढी कर्मचारीहरूमा कारोना संक्रमण भइसकेको अवस्था छ । विकास बैंक, फाइनान्स कम्पनी र लघुवित्त वित्तीय संस्थाको तथ्याङ्क नआए पनि उल्लेख्य मात्रामा संक्रमित भएको अनुमान गर्न सकिन्छ । अझै लघुवित्त संस्थाहरूको त ग्राहकहरूसँग निकट सम्बन्ध हुने हुनाले संक्रमित हुने सम्भावना अधिक रहन्छ ।

महामारीको जोखिम न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाले ग्राहकको भीडभाड कम हुने खालका नयाँयाँ प्रविधिजन्य सेवा सञ्चालनमा ल्याउनु उचित हुन्छ । 'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरूले नगद कारोबार कम गर्ने र ग्राहकलाई सकेसम्म शाखामा आउनु नपर्ने गरी बैंकिङ सेवा विस्तार गर्नुपर्छ । बैंक तथा वित्तीय संस्थाले दिने सहायक सेवाहरू (एलसी, बैंक ग्यारेण्टी आदि) का लागि बैंकका भीड धेरै नहुने भए पनि मुख्यतः चेक क्लियरिङ र चेक जम्मा वा सटहीको निम्ति उल्लेख्य संख्यामा ग्राहकको उपस्थिति हुने गरेको देखिन्छ । यस्तो अवस्थामा बैंकले क्लियरिङको चेक र चेक डिपोजिट गर्ने कार्य इन्टरनेट वा मोबाइल बैंकिङ एपमार्फत गराउनका निम्ति प्रोत्साहन गरेमा धेरै हदसम्म ग्राहकको भीड व्यवस्थापन गर्न सकिन्छ । यसै गरी चेकको भुक्तानी समेत मोबाइल एप वा इन्टरनेट बैंकिङमार्फत चेकको छविचित्र प्राप्त गरी खातामा भुक्तानी गरिदिने र नगदका लागि एटीएम प्रयोगलाई प्रोत्साहित गर्न सकिन्छ । यसका लागि भुक्तानी गर्नुपर्ने चेकको फोटो खिचेर बैंकमा प्राप्त हुने र त्यसैमार्फत कारोबार गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यस्ता सेवा प्रवाहका निम्ति बैंकहरूले प्रारम्भमा केही लगानी गर्नुपर्ने हुन सक्छ । तर कर्मचारीमा कोभिड संक्रमण भए/नभएको परीक्षणका लागि गरिने खर्च, आइसोलेसन र उपचार व्यवस्थापन गर्नुपर्दाको खर्च एवम् कर्मचारी क्वारेन्टिन वा सेल्फ आइसोलेसनमा बस्दा लाग्ने खर्च र गुमेको उत्पादकत्वको तुलनामा यो खर्च निकै कम नै हुन जान्छ । त्यसैगरी अहिलेको लगानीले कोभिडपछिको अवस्थामा पनि सञ्चालनमा सहयोग पुग्ने नै देखिन्छ ।

नेपाल राष्ट्र बैंकको २०७७ साउन मसान्तसम्मको तथ्याङ्कअनुसार नेपालमा कुल १ करोड १३ लाखभन्दा बढी मोबाइल बैंकिङका ग्राहकहरू छन् । यीमध्ये आधा मात्रै पनि सक्रिय भएको अवस्थामा पनि बैंक तथा वित्तीय संस्थाको लागि यो एउटा ठूलो अवसर हुनेछ । किनभने सक्रिय ग्राहकहरू नै बैंकमा आउने हुन् । हाल विभिन्न भुक्तानीका लागि मोबाइल वालेट तथा क्यूआर कोड भुक्तानी प्रचलनमा आइसकेको अवस्थामा यस्तो भुक्तानीलाई साना ठूला सबै पसलमा सर्वसुलभ तवरले पुऱ्याउनु बैंक तथा वित्तीय संस्थाको लागि अर्को अवसर हुन सक्छ भने मोबाइल बैंकिङ वा भर्चुअल एप बैंकिङ माध्यम । छविचित्रमार्फत हुने भुक्तानीमा सुरक्षाको प्रश्न उठ्न सक्छ । तर प्रविधिको उच्चतम प्रयोग गर्ने हो भने यसको सहज समाधान निस्कन्छ । यसै पनि हाल बैंक तथा वित्तीय संस्थाले चेक क्लियरिङमा छविचित्रकै प्रयोग गर्ने गरेकाछन् ।

'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाले कारोबारको हिसाबले ठूलो हिस्सा ओगटे पनि ग्राहकको संख्याका हिसाबले ठूलो संख्या ओगटेका लघुवित्त संस्थामा डिजिटाइजेसले हालसम्म प्रवेश पाएको देखिँदैन । नेपाल राष्ट्र बैंकको २०७७ असार मसान्तसम्मको तथ्याङ्क अनुसार लघुवित्त संस्थामा सदस्यहरूको संख्या ४६ लाख ८७ हजार छ भने ऋणीहरूको संख्या २६ लाख ८३ हजार छ । लघुवित्त संस्थाका सदस्य तथा ऋणीहरू लगभग सम्पूर्ण सदस्यहरू नै सक्रिय रहेका हुन्छन् । उनीहरू नियमित बैठक गर्ने बचत गर्ने वा ऋण झिक्ने गर्छन् ।

हाल लघुवित्तका सदस्यहरूले बचत झिक्न लघुवित्तको शाखा कार्यालय धाउनुपर्ने वा केन्द्र बैठक कुर्नुपर्ने बाध्यता छ । यसैगरी कर्मचारीहरू पनि सदस्यको निकट रही मासिक बैठक सञ्चालन गर्नुपर्ने बाध्यतामा छन् । यस्तोमा कोभिड सर्ने जोखिम उच्च देखिएको छ । आजकाल घरघरमा मोबाइल इन्टरनेटको व्यापक प्रयोग भइरहेको अवस्थामा लघुवित्त संस्थाले भर्चुअल माध्यमबाट पनि केन्द्र बैठक गर्न सक्छन् । फेसबुक म्यासेन्जर, भाइबर घरेलु नाम भइसकेको अवस्थामा तिनै एपमा समूह खडा गरी भर्चुअल बैठक गर्न सकिन्छ र डिजिटल माध्यमबाट तुरुन्तै सदस्यबाट बचत संकलन र ऋण प्रवाह गर्न सकिन्छ । विभिन्न खालको अवरोध भोगिरहेको अहिलेको विषम परिस्थितिमा भर्चुअल केन्द्र बैठकहरू लघुवित्त संस्थाको खराब कर्जा व्यवस्थापन गर्ने विकल्पसमेत बन्न सक्छन् ।

नेपालमा एकाध लघुवित्त वित्तीय संस्थाले कोभिडको माहामारी पश्चात् ऋणीहरूको किस्ता मोबाइल वालेटमार्फत भुक्तानी गर्न मिल्ने बनाएका छन् तर ती वालेटमा आफूसँग रहेको बचतबाट टपअप गर्न मिल्ने बनाएको पाइएको छैन । साना बचतकर्ताको रुपमा मुलुकका दुरदराजदेखि सहरी क्षेत्रमा समेत रहेको लघुवित्तका ग्राहकलाई डिजिटाइजेसनमा जोड्ने हो भने नगदरहित कारोबारमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिन्छ । लघुवित्तका ऋणी तथा बचतकर्ताहरू सानो स्तरमा हुने र यत्रतत्र हुने हुँदा उनीहरूलाई सुहाउँदो भुक्तानी प्रणाली विकास गर्न सकेको खण्डमा हाललाई यस क्षेत्रमा कोभिडको महामारीको असर न्यूनिकरण गर्न सकिन्छ भने भविष्यमा लघुवित्त नै मुलुकभर नगदरहित कारोवारको सम्वाहक बन्न सक्छन् । डिजिटल पेमेण्टलाई तरकारी पसलदेखि सामान्य किराना पसलसम्म विस्तार गर्न सकिएको खण्डमा पैसाबाट कोभिड हुनसक्ने जोखिममा समेत न्यूनीकरण हुन्छ ।

कोभिड महामारीका कारण संसार नै आक्रान्त भइरहेको यस विषम परिस्थितिले बैक ता वित्तीय संस्थालाई संरचनात्मक परिवर्तन गर्ने अवसर पनि दिएको छ । यस अवसरको सदुपयोगका लागि बैंक तथा वित्तीय संस्थाहरू तयार हुने र नेपाल राष्ट्र बैंकको आवश्यक नियामकीय एवम् नीतिगत सहजीकरण गरीदिनुपर्ने अवस्था आएको छ । राष्ट्र बैंकले भुक्तानी पूर्वाधार विकासमा र बैंक तथा वित्तीय संस्थाले सेवा प्रवाहमा जोड दिने हो भने बैंक तथा वित्तीय क्षेत्रमा कोभिड-१९ ले पारेको र पार्न सक्ने असरलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ ।

# औद्योगिक प्रयोजनको लागि वैदेशिक ऋण, विद्यमान व्यवस्था र चुनौतीहरू

✍ प्रसन्न पौडेल
सहायक निर्देशक, नेपाल राष्ट्र बैंक

## १. विषय प्रवेश

नेपालले दिगो विकासका लक्ष्यहरू हासिल गर्न, मध्यम आय भएको विकासशील राष्ट्रमा स्तरोन्नति हुन र हालैको कोभिड-१९ महामारीले क्षति पुऱ्याएका सम्पूर्ण क्षेत्रको पुनर्उत्थान गरी पुरानै लयमा फर्काउन मुलुकको हालको अवस्थाका कारण आवश्यक रकम जुट्न सक्ने सम्भावना कठिन रहेको देखिन्छ। प्रत्यक्ष वैदेशिक लगानी, वैदेशिक ऋण/सहायतालाई आकर्षित गर्न र अनौपचारिक अर्थतन्त्रलाई औपचारिक माध्यममा ल्याउन सकेको खण्डमा यस्तो नपुग रकमको पूर्ति केही हदसम्म हुनसक्छ।

वैदेशिक ऋणको सम्बन्धमा भने ऋण स्वीकार गर्न हुने वा नहुने भन्ने पक्ष/विपक्षमा विभिन्न मतहरू रहेको देखिन्छ।

## २. पक्षमा रहेका मत

- वैदेशिक ऋणले कुनै पनि अर्थतन्त्र र त्यसमा रहेका उद्योगीलाई लगानीयोग्य बाह्य पुँजीको पहुँच दिने कार्य गर्नुको साथै आन्तरिक पुँजी बजारलाई वित्तीय विश्वव्यापीकरणमा एकीकृत हुन सहयोग गर्दछ । यसको माध्यमबाट ऋणीहरूको बाह्य बजारमा पहुँच बढ्ने र सम्बन्ध बढ्दै जाँदा भविष्यमा अरू वित्तीय साझेदारीका काम गर्नसमेत फाइदा पुग्छ।
- आन्तरिक बजारमा लगानीयोग्य पुँजीको अभाव वैदेशिक ऋणले ठूला लगानीका लागि आवश्यक पुँजीको उपलब्धता निश्चित गर्दछ।
- लगानीयोग्य पुँजीको अभाव हुँदा आन्तरिक बजारमा ऋणको ब्याजदर अस्वाभाविक रुपमा बढ्ने गर्दछ। यस्तो अवस्थामा वैदेशिक ऋणमार्फत अति कम ब्याजदरमा पुँजीको जोहो गर्न सकिन्छ र स्वदेशी बजारमा पर्याप्त पुँजी नहुँदा विदेशबाट प्राप्त ऋणले मुलुकभित्र आर्थिक गतिविधि बढाउन सहयोग गर्ने मात्र नभई विदेशी मुद्रा सञ्चितिमा समेत टेवा पुग्दछ।

## ३. विपक्षमा रहेका मत

- वैदेशिक ऋणमा विनिमय दरको उतारचढावको जोखिम रहन्छ । स्वदेशी मुद्राको विदेशी मुद्रासँग क्रमश: अवमूल्यन हुने अवस्थामा भुक्तानी गर्नुपर्ने सापेक्षिक साँवा र ब्याजको रकम बढ्ने गर्दछ। यस्तो अवस्थामा उद्योगले अनुमान गरेको भन्दा अधिक रकम साँवा र ब्याज भुक्तानीमा खर्च गर्नुपर्ने हुन्छ।
- हरेक वर्ष साँवा र ब्याजको रुपमा विदेशी मुद्राको ठूलो हिस्सा विदेश पलायन हुने हुँदा देशभित्र पूँजीगत तथा विकासका गतिविधिमा कमी आउँछ।
- वैदेशिक ऋण लिँदा देशभित्र एकैपटकमा ठूलो परिणाममा पुँजी भित्रिन्छ। यसले आन्तरिक बजारको वस्तु तथा सेवाको मूल्यमा चाप पर्न गई मूल्य वृद्धिदर बढेर समाल्नै नसक्ने अवस्था सिर्जना हुन सक्छ।
- विभिन्न देशमा छरिएर रहेका मुख्य कम्पनी र सहायक कम्पनीबीच ऋणको कारोबार हुँदा Transfer Pricing को सम्भावना रहन्छ । जसको कारण त्यस्ता कम्पनीले अनावश्यक रुपमा उच्च ब्याजदरमा अधिक मात्रामा ऋण भित्र्याउने र सञ्चालन मुनाफाबाट उक्त ऋणको ब्याज रकम घटाई एकतर्फ करयोग्य मुनाफा कम देखाई कर छली गर्ने सम्भावना रहन्छ भने अर्को तर्फबाट ब्याज भुक्तानी गर्ने बहानामा अधिक विदेशी मुद्रा विदेशिने सम्भावना रहन्छ। यसबाट मुलुकलाई राजस्व सङ्कलन तथा विदेशी मुद्राको सञ्चिति दुबैमा नकरात्मक असर पर्दछ।

## ४. विद्यमान व्यवस्थाहरू

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले विदेशी मुद्रामा प्राप्त हुने ऋणको सम्बन्धमा देहायका नीतिगत व्यवस्था गरेको छ।

- नेपाली नागरिक, फर्म तथा संस्थाहरूले व्यवसाय प्रयोजनको लागि विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैरआवासीय नेपाली वा संघ/संस्थाबाट बढीमा 1 year LIBOR+0.5% ब्याजदरमा अमेरिकी डलर १० लाखसम्म र भारतको हकमा १० करोड भारतीय रुपैयाँसम्म विभिन्न सर्तहरूको अधीनमा ऋण लिन सक्छन्।
- पूर्वाधार विकास निर्माणका आयोजनाले निर्माणका क्रममा चालू खर्चलाई धान्न अल्पकालीन सुविधा आवश्यक परेमा विदेशस्थित परियोजनाको मुख्य कम्पनीमार्फत सापटी ल्याउन सक्छन्।
- नेपाली फर्म, कम्पनी, उद्योग वा अन्य संस्थाले आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ता, बैंक तथा वित्तीय संस्था, विदेशी कम्पनीहरूबाट विदेशी मुद्रामा ऋण लिन सक्छन् । कर्जामा ब्याजदर निर्धारण गर्दा विदेशी व्यक्तिगत लगानीकर्ताबाट प्राप्त हुने कर्जामा वार्षिक LIBOR Rate मा २.०० प्रतिशत र विदेशी बैंक तथा वित्तीय संस्था, कम्पनीहरूबाट प्राप्त हुने कर्जामा वार्षिक LIBOR Rate मा ५.५ प्रतिशतभन्दा बढी थप गर्न नपाउने व्यवस्था रहेको छ।
- बैंक तथा वित्तिय संस्थाहरूले उत्पादनमूलक र पूर्वाधार क्षेत्रमा लगानी गर्न विदेशी बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रामा कर्जा लिन सक्दछन्।

## ५. चुनौतीहरू

ऋणात्मक ब्याज रहेका स्वीडेन, जापानलगायत अतिकम ब्याजदर रहेका अस्ट्रेलिया, दक्षिण कोरिया जस्ता मुलकका कम्पनीहरूबाट कर्जा प्राप्त गर्न सकेको खण्डमा नेपालका उद्यमीहरूले कम ब्याजदरमा कर्जा प्राप्त गर्ने र ऋणदाताले पनि आफ्नो देशमा प्रचलित ब्याजदरभन्दा अधिक ब्याज प्राप्त गर्ने हुँदा दुबै पक्षहरू Win-Win को अवस्थामा रहन सक्छन्। यद्यपि नेपाली ऋणीहरूको बाह्य ऋण बजारसम्म न्यून पहुँच तथा नेपाली ऋणीहरूको विदेशी ऋणदाताहरू माझ कर्जा सम्बन्धी विश्वसनीयता कमी लगायतका बिषयहरू चुनौतीका रुपमा रहेका छन्।

अर्को ठूलो कठिनाइ नेपालको हालसम्म सार्वभौम साख मूल्याङ्कन नहुनु पनि हो । विदेशी लगानी र सार्वभौम साख मूल्याङ्कनबीच अन्तरसम्बन्ध रहने गर्दछ । सार्वभौम साख मूल्याङ्कनले बाह्य मुलुकबाट ल्याउने ऋणका सम्बन्धमा लगानीकर्तामाझ यहाँको जोखिमको स्तरको जानकारी गराउँछ । यसले नेपालको धरातलीय यथार्थलाई लगानीकर्तामाझ पुऱ्याउने र आगामी दिनहरूमा आवश्यक सुधारका लागि तत्परता देखाएको सन्देश पनि दिने काम गर्दछ।

नेपालभित्र हेजिङसम्बन्धी उपयुक्त व्यवस्था नहुनु र बाह्य बजारमा हेजिङ शुल्क महँगो हुनु पनि यस प्रकारको ऋण भित्र्याउन चुनौतीका रुपमा रही आएका छन्। यसै गरी कम्पनीहरूलाई बाह्य मुलुकबाट ऋण ल्याउन खुला भए पनि सुरक्षण (धितो) राख्ने व्यवस्था नहुनु पनि अर्को चुनौतीको रुपमा रहेको छ।

# बैंकिङ तथा आर्थिक गतिविधिसम्बन्धी वेबिनार सम्पन्न

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७७ भदौ १९ गते समसामयिक बैंकिङ तथा आर्थिक गतिविधिसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। निर्देशक शुभाषचन्द्र घिमिरेको उपस्थितिमा कार्यालयले वेबिनारमार्फत उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशकहरू डिल्लीराम पोखेल र सुशील ज्ञवाली, का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीसँगै सुदुरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा उप-निर्देशक पोखेलले स्वागत मन्तव्य राख्दै वेबिनारको उद्देश्यमाथि प्रकाश पार्नुका साथै कार्यक्रमको बारेमा संक्षिप्त जानकारी गराउनुभएको थियो। सो अवसरमा निर्देशक शुभाषचन्द्र घिमिरेले कोभिड-१९ संक्रमणका कारण आर्थिक तथा वित्तीय क्षेत्रमा परेको असरबारे चर्चा गर्दै सो असहज अवस्थामा अत्यावश्यक बैकिङ सेवा सुचारु राख्न गर्नुपर्ने कार्यका सम्बन्धमा प्रकाश पार्नुभयो। साथै, सरकारले जारी गरेको सुरक्षा मापदण्ड र राष्ट्र बैंकको निर्देशन बमोजिम न्यूनतम बैंकिङ सेवा प्रवाह गर्नसमेत उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो।



वेविनारमा एभरेष्ट बैंक लिमिटेडका प्रदेश प्रमुख सतिशप्रताप सिंहले कोभिड-१९ का कारण बैंक तथा वित्तीय संस्थाको शाखा सञ्चालनको समय व्यवस्थापनमा कठिनाइ भएको धारणा राख्नुभयो। कार्यक्रममा अन्य सहभागीले असहज परिस्थितिमा समेत अत्यावश्यक बैंकिङ सेवा सुचारु राख्न आपसी समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो।

सो अवसरमा उप-निर्देशक सुशील ज्ञवालीले वेबिनारमा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। धनगढी कार्यालयका का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## अवकाश

लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक राजेन्द्रप्रसाद रिमालले २०७७ साउन ९ देखि बैंक सेवाबाट अवकास पाउनुभएको छ। नेपालगञ्ज कार्यालयका सहायक राम फरेन तमोलीले पनि सोही दिन राजीनामा दिई बैंक सेवाबाट निवृत्त हुनुभएको छ।

यसैगरी, लघुवित्त संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक पाल्साङ लामा थिङ, बैंकिङ विभागका प्रधान सहायक लुङध्वज तामाङ र मुद्रा व्यवस्थापन विभागका वरिष्ठ मेकानिक्स कृष्णबहादुर गिरीले २०७७ भदौ १ देखि अवकास पाउनुभएको छ। साथै मुद्रा व्यवस्थापन विभागका उप-प्रधान चालक रामकाजी महर्जन, विराटनगर कार्यालयका कार्यालय सहयोगी (प्रथम) हरिबहादुर तामाङ, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) राम श्रेष्ठ, बैंक सुपरिवेक्षण विभागका कार्यालय सहयोगी (प्रथम) साहिला गिरी र लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यालय सहयोगी (प्रथम) सानुकान्छा तामाङले पनि सो ही दिनदेखि अवकास पाउनुभएको छ।

यसै गरी, बैंकर्स प्रशिक्षण केन्द्रका सहायक निर्देशक (कम्प्युटर) बलराम जोशीले भदौ २५ गतेदेखि बैंक सेवाबाट अवकाश पाउनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ।

## सहायक सूचना अधिकारीमा डा. आचार्य



नेपाल राष्ट्र बैंकको सहायक सूचना अधिकारीमा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्य तोकिनुभएको छ। सो कार्यालय अन्तर्गत जनसम्पर्क इकाई प्रमुख बैंकको सहायक सूचना अधिकारी हुने विद्यमान व्यवस्थाअनुसार उक्त इकाई प्रमुख उप-निर्देशक डा. आचार्यलाई सहायक सूचना अधिकारी तोकिएको हो। उप-निर्देशक आचार्यसँग २३ वर्षको बैंकिङ अनुभव रहेको छ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार